**मिति २०७८ साल पौष ९ गते बसेको मेलम्ची नगर कार्यपालिका बैंठकका प्रस्तावहरु :**

**प्रस्ताव नं १ :** अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनका सम्बन्धमा ।

**प्रस्ताव नं २ :** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धी योजना छनौट तथा निर्णय अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं ३ :** जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाको लागि प्रस्ताव माग गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ४ :** श्री सरस्वती माध्यामिक विद्यालयको भवन मर्मत सम्बन्धमा ।

**प्रस्ताव नं ५ :** नगरपालिकाबाट संचालित योजनाहरु म्याद थप गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ६ :** जलवायु दिवस तथा सो सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नं ७ :** फोहरमैला व्यवस्थापनको लागि श्री क्रियटिभ सरसफाई प्रा.लि., बौद्ध, काठमाण्डौबाट पेश भएको प्रस्तावको सम्बन्धमा ।

**प्रस्ताव नं ८ :** श्री तेर्से माध्यामिक विद्यालय, मेलम्ची-६, तालामाराङको भवन संरक्षण सम्बन्धमा ।

**प्रस्ताव नं ९ :** वडा कार्यालय व्यवस्थापनको लागि फर्निचर तथा फिक्चर्सको थप कार्य गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं १० :** अधेंरीखोला सिम्ले कुलो, मेलम्ची-१०, शिखरपुर निर्माण सम्बन्धमा ।

**प्रस्ताव नं ११ :** मेलम्ची नगरपालिकाको नमूना यूवा संसद संचालन सम्बन्धमा ।

**प्रस्ताव नं १२ :** सडक निर्माण सम्बन्धी भेरियशन स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं १३ :** कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं १४ :** योजना संशोधन सम्बन्धमा ।

**प्रस्ताव नं १५ :** व्यक्तिगत घटना दर्ता शिविर पुन: संचालन सम्बन्धमा ।

**प्रस्ताव नं १६ :** अनुमति दिने सम्बन्धमा ।

**प्रस्ताव नं १७ :** खायन आलु उत्पादन क्षेत्र निर्धारण सम्बन्धमा ।

**प्रस्ताव नं १८ :** वडा नं १२ को क्रशर प्रभावित कार्यक्रमको आंशिक योजना स्थगित गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं १९ :** प्रधानमन्त्री रोगजार कार्यक्रमको योजना संशोधन सम्बन्धमा ।

**प्रस्ताव नं २० :** आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम संशोधन सम्बन्धमा ।

**प्रस्ताव नं २१ :** बैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धमा ।

## मिति २०७८ साल पौष ९ गते बसेको मेलम्ची नगर कार्यपालिका बैंठकका निर्णयहरु :

**निर्णय नं १ :**

मिति २०७८ साल मंसिर २५ गते बसेको कार्यपालिका बैंठकको निर्णय कार्यान्वयनका सन्दर्भमा समीक्षा गरियो ।

**निर्णय नं २ :**

निर्देशक समितिबाट सिफारिस भई कार्यपालिकामा पेश भएका देहाय बमोजिमका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रम छनौट तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चिसापानी डाँडाखेत माँझगाउँ पौडेलथोक सडक मर्मत | मेलम्ची-१ | ८,९२,४००.०० | |
| २ | तपचुली पर्यटक क्षेत्र सडक सोलिङ | मेलम्ची-२ | ८,३४,७००.०० | |
| ३ | खलुखोला डाँडाथोक सिंचाई कुलो मर्मत | मेलम्ची-३ | ८,३४,७००.०० | |
| ४ | श्रीकृष्ण मा वि राउतगाउँ डाँडाकटेरी पाल्चेन गोरेटोबाटो निर्माण तथा मर्मत | मेलम्ची-४ | ८,३४,७००.०० | |
| ५ | कोटदेवी मन्दिर भट्टराईचौरसम्मको बाटो सोलिङ | मेलम्ची-५ | ८,३४,७००.०० | |
| ६ | चापाबोट सिडी निर्माण | मेलम्ची-६ | ८,९२,४००.०० | |
| ७ | कोइराला स्वारा बारचेत सूचना केन्द्र गोरेटोबाटो सिडी निर्माण | मेलम्ची-७ | ८,९२,४००.०० | |
| ८ | बैगारे कलचौर गोरेटोबाटो मर्मत | मेलम्ची-८ | ८,९२,४००.०० | |
| ९ | खाल्डेखोला काँडादेवी दोबाटे सोलिङ तथा सडक मर्मत | मेलम्ची-९ | ८,३४,७००.०० | |
| १० | फलामे बगुवा गोरेटोबाटो निर्माण तथा मर्मत | मेलम्ची-१० | ८,९२,४००.०० | |
| ११ | मेलम्ची डडुवा र मेलम्ची धुसेनीचौर सडक मर्मत | मेलम्ची-११ | ८,३४,७००.०० | |
| १२ | ढकालथोक भन्ज्याङ गोरेटोबाटो तथा चौतारी निर्माण | मेलम्ची-१२ | ८,३४,७००.०० | |
| | | जम्मा | १,०३,०४,९००.०० | |

**निर्णय नं ३ :**

मेलम्ची नगरपालिकामा संचालन तथा व्यवस्थापन हुने गरी स्थापना गर्न लागिएको जेष्ठ नागरिक मिलन केन्द्र निर्माणको लागि एक हप्ताभित्र प्रस्ताव पेश गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :**

श्री सरस्वती माध्यामिक विद्यालयको भवन मर्मत संभारको लागि नगरपालिकाको मिति २०७८ साल मंसिर १ गते सम्पन्न नगरसभाबाट स्वीकृत ६०/४० साझेदारी कार्यक्रम अन्तर्गतबाट व्यहोर्ने गरी नगरपालिकाको ६० प्रतिशत साझेदारी सहित रु १० लाख रुपैया बराबरको कुल लागत स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

मेलम्ची नगरपालिकाबाट संचालनमा रहेका देहाय बमोजिमका योजनाहरुको म्याद देहाय बमोजिम थप गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | योजनाको विवरण | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|
| १ | गुफाँडाँडा पार्क निर्माण | २०७८ साल माघ १५ सम्म | |

| | | | |
|---|---|---|---|
| २ | वडा नं ८ वडा कार्यालय निर्माण | २०७९ साल असार मसान्त सम्म | |
| ३ | वडा नं १० वडा कार्यालय निर्माण | २०७८ साल चैत्र मसान्तसम्म | |
| ४ | वडा नं १३ वडा कार्यालय निर्माण | २०७८ साल चैत्र मसान्तसम्म | |

**निर्णय नं ६ :**

मिति २०७८ साल पौष १८ गते मेलम्ची नगरपालिका वडा नं ९, गुफाँडाँडामा आयोजना हुने जलवायु दिवस र १९ गते मेलम्ची नगरपालिका वडा नं ११ मा हुने अन्तरक्रिया कार्यक्रम तथा जलवायु दिवसको अवसरमा काठमाण्डौबाट गुफाँडाँडासम्म हुने साइकलर्यालीमा सहभागी हुनुहुने महानुभावहरुलाई खाना-खाजा, बास तथा अन्तरक्रिया कार्यक्रमको खर्च नगरपालिकामा स्थापना भएको पर्यटन विकास कोषबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**

मेलम्ची नगरपालिका अन्तर्गतका बजार, टोल, बस्ती तथा समुदायस्तरमा उत्पादन भएका फोहरमैलाको वर्गिकरण, श्रोतमै व्यवस्थापन तथा विसर्जन गरी सुन्दर-सफा मेलम्ची नगर निर्माणको लागि श्री क्रियटिभ सरसफाई प्रा.लि., बौद्ध, काठमाण्डौबाट पेश भएको प्रस्ताव स्वीकृत गरी फोहरमैला संकलन तथा व्यवस्थापनको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :**

श्री तेर्से माध्यामिक विद्यालय, मेलम्ची-६, तालामाराङको भवन संरक्षणको लागि विपद् व्यवस्थापन कोषबाट कार्यान्वयन हुने गरी स्वीकृत भएको योजना उपभोक्ता समिति मार्फत कार्यसम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :**

निर्माण सम्पन्न भएको वडा कार्यालयको व्यवस्थापन गर्ने गरी नगरपालिकाबाट आव्हान भएको फर्निचर तथा फिक्चर्सको वोलपत्र बमोजिम उक्त अवधिमा मेलम्ची नगरपालिका वडा नं १ र ५ को निर्माण सम्पन्न भएको अवस्थामा २ वटा वडा कार्यालयको व्यवस्थापन गर्ने गरी वोलपत्र आव्हान भएको र वडा नं २ को पनि कार्यालय व्यवस्थापनको कार्य गर्नुपर्ने अवस्था देखिएकाले सोही वोलपत्रदाताबाट भेरियशन आदेश मार्फत नगरपालिकाबाट स्वीकृत कार्यालय सामाग्री शीर्षकबाट खर्च हुने कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं १० :**

मेलम्ची नगरपालिका वडा नं १० मा पर्ने अधेंरीखोला सिम्ले कुलो निर्माणको लागि मिति २०७८ साल मंसिर १ गते सम्पन्न नगर सभाबाट स्वीकृत विविध सार्वजनिक निर्माण शीर्षकमा रहेको रकममध्येबाट कार्यान्वयन हुने गरी रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ :**

मेलम्ची नगरपालिकाको नमूना यूवा संसद संचालन गर्नको लागि १० दिनभित्र वडास्तरीय यूवा क्लव गठन गर्नको लागि सबै वडाहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ :**

मेलम्ची नगरपालिका वडा नं १३ मा पर्ने फट्केश्वर पधेंराचौर ठाँटी सडक स्तरोन्नतीको लागि वोलपत्र आव्हान भई निर्माण कार्य भएकोमा मिति २०७८ साल भाद्र २१ गते आएको भिषण वर्षाले योजनास्थलमा पहिरो गई सडक संचालनमा अवरोध भएकाले सो

सम्बन्धी कार्य गर्न रु ११७९६२९।५४ अर्थात कवोल अंकको २३।८८ प्रतिशत भेरियशनको लागि मर्मत संभार विशेष कोषबाट व्यहोर्ने गरी पेश भएको प्राविधिक प्रतिवेदन बमोजिम नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ :**

मेलम्ची नगरपालिका अन्तर्गतको शिक्षा, यूवा तथा खेलकुद विकास शाखाबाट तयार भई विधायन समितिबाट कार्यपालिकामा पेश भएका देहाय बमोजिमका कार्यविधि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. नगर प्रमुख छात्रवृति कोष संचालन कार्यविधि, २०७८
२. मेलम्ची नगर खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि, २०७८

**निर्णय नं १४ :**

मेलम्ची नगरपालिकाको मिति २०७८ साल मंसिर १ गते सम्पन्न नगर सभाबाट स्वीकृत भएका देहाय बमोजिमका योजना तथा कार्यक्रम संशोधनका लागि वडा कार्यालयबाट सिफारिस भई आएकाले देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| हाल कायम रहेको | | | संशोधन भएको | | | |
|---|---|---|---|---|---|---|
| योजनाको नाम | शीर्षक | रकम | योजनाको नाम | शीर्षक | रकम | कैफियत |
| श्री जनजागृति मा वि व्यवस्थापन, सुधार योजना | समानीकरण | ३ लाख | श्री जनजागृति मा वि घेराबार तथा च्यानल गेट, मेलम्ची-११ | समानीकरण | ३ लाख | |
| श्री सिन्धुपुरानागाउँ माध्यामिक विद्यालय संरक्षण, मेलम्ची -५ | आन्तरिक | १० लाख | श्री सिन्धुपुरानागाउँ माध्यामिक विद्यालय संरक्षण तथा खेलमैदान निर्माण, मेलम्ची -५ | आन्तरिक | १० लाख | |
| चालिसे सल्ले सिंचाई | समानीकरण | ५ लाख | खरानेखोला स्कुल सिंचाई | समानीकरण | ५ लाख | |
| स्कुलछेउ सिंचाई | समानीकरण | २ लाख | पिप्ले सिंचाई | समानीकरण | २ लाख | |
| चालिसे सिमफाँट सिंचाई | समानीकरण | ५ लाख | चालिसे सिमफाँट सिंचाई | समानीकरण + आन्तरिक | १० लाख | असार र मंसिरमा सम्पन्न नगर सभाबाट एउटै शीर्षकमा विनियोजित रकमलाई एकीकृत गरिएको |
| लाकुरिडाँडा सामसदायिक भवन | | ४ लाख | लाकुरिडाँडा सामसदायिक भवन | | ५ लाख | |
| मिजारटोल सामुदायिक भवन निर्माण | | ४ लाख | मिजारटोल सामुदायिक भवन निर्माण | | ५ लाख | |

**निर्णय नं १५ :**

मेलम्ची नगरपालिका वडा नं १०, शिखरपुरबाट सुरु भई कोभिड-१९ को दोश्रो लहरको कारण बन्द गरिएको व्यक्तिगत घटना दर्ता शिविर पुन: संचालन गर्ने र शिविर वडा नं १ बाट सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ :**
नगरकार्यपालिकाबाट नगरपालिकाक्षेत्र भित्र कार्यक्रम संचालनको स्वीकृतको लागि पेश भएका देहाय बमोजिमका संस्थाहरुको कार्यक्रम संचालनको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं | संस्थाको नाम | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | ऐक्यवद्धता र विकासका आधार महिला संघ, काठमाण्डौं | मेलम्ची-१ | |
| २ | महिला शक्ति विकास केन्द्र नेपाल, काठमाण्डौं | मेलम्ची-११ र १२ | |

**निर्णय नं १७ :** संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गतको खायन आलु उत्पादन कार्यक्रम यस नगरपालिकाभित्र देहाय बमोजिमका कल्स्टरमा संचालन गर्ने गरी खायन आलु उत्पादन क्षेत्र निर्धारण गर्नुका साथै सो क्षेत्रहरुमा कार्यविधिले तोके बमोजिम सामाग्री लगायत मिनि टिलर वितरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं | खायन आलु उत्पादन क्षेत्र | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मेलम्ची-१ | भोटेचौर-खाल्डे | |
| २ | मेलम्ची-९ | चाँखु, डब्ल्याङ र गुफाँडाँडा | |
| ३ | मेलम्ची-१२ | ढकालखहरे, बाहुनेपाटी र सिन्धुखोला | |
| ४ | मेलम्ची-१३ | सिम्लेफाँट, सिठुवाबगर, सिपाघाट, तारुके र कलेजेफाँट | |

**निर्णय नं १८ :**
मिति २०७८ साल मंसिर २५ गते बसेको कार्यपालिका बैंठकबाट वडा नं १२ मा क्रशर उद्योग प्रभावित बजेटबाट कार्यन्वयन हुने गरी निर्णय भएको बुदाँ नं ५ र बुदाँ नं ८ मा उल्लेखित देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु स्थगित गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | निर्णय बखत कायम रहेको बुदाँ नं | योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | बुदाँ नं ५ | अध्ययन अवलोकन भ्रमण | २,००,०००.०० |
| २ | बुदाँ नं ८ | विपद् र सडक निर्माण | २,००,०००.०० |
| | | जम्मा | ४,००,०००.०० |

**निर्णय नं १९ :**
प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने योजना तथा कार्यक्रममध्ये वडा नं ८ बाट संचालन हुने योजनामा संशोधनका लागि वडा नं ८ को कार्यालयबाट संशोधन प्रस्ताव पेश भएको हुँदा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| हाल कायम रहेको | | संशोधन भएको | | |
|---|---|---|---|---|
| योजनाको नाम | रकम | योजनाको नाम | रकम | कैफियत |
| बैगारे कलचौर गोरेटोबाटो मर्मत | ८,९२,४००.०० | बैगारे कलचौर नागथान भैंसे गोरेटोबाटो मर्मत | ८,९२,४००.०० | |

**निर्णय नं २० :**

आफ्नो गाउँ आफै बनाउँ बिशेष कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्ष २०७८/०७९ मा संचालित हुने गरी वडा नं ८ को लागि स्वीकृत बजेट रु १३,९८,०००।– मध्येबाट देहाय बमोजिम कार्यक्रम संचालनको वडा समितिबाट सिफारिस भएकाले संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

| हाल कायम रहेको | | संशोधन भएको | | |
|---|---|---|---|---|
| योजनाको नाम | रकम | योजनाको नाम | रकम | कैफियत |
| बाल उद्यान पार्क | ५,००,०००.०० | बाल उद्यान निर्माण - श्री जलावाईदेवी मा.वि. माथिल्लो भवन छेउ (सार्वजनिक जग्गा) | ५,००,०००.०० | |
| घुम्नी माने निर्माण | ३,९८,०००.०० | घुम्नी माने निर्माण - लाभगाउँ (सार्वजनिक जग्गामा) | ३,९८,०००.०० | |
| बाटोघर सुर्जटोल मोटरबाटो स्तरोन्नती | ३,००,०००.०० | बाटोघर सुर्जटोल मोटरबाटो स्तरोन्नती, भैंसे | ३,००,०००.०० | |
| भैंसे मोटरबाटो स्तरोन्नती | २,००,०००.०० | भैंसे मोटरबाटो स्तरोन्नती (गत नगरसभाबाट स्वीकृत रकममा थप गर्ने) | २,००,०००.०० | |

**प्रस्ताव नं २१ :**

मिति २०७८ साल मंसिर ३ गते प्रकाशित विज्ञापन नं १८/२०७७/७८ , ईन्जिनियर सेवा, असिष्टेन्ट सब-इन्जिनियर पद, सहायकस्तर चौथो (प्राविधिक) तहको उम्मेदवार छनौटको क्रममा बैकल्पिक सिफारिस भएका उम्मेदवारहरुमध्येबाट माथिल्लो रोलक्रममा रहेका उम्मेदवारलाई करार सम्झौता गरी रिक्त रहेको सोही पदमा कामकाजमा लगाउनको लागि पदपुर्ति समितिलाई जानकारी गराउने निर्णय गरियो ।